**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख १८ गते**
प्रदेश १ मा वैशाख १८ गतेसम्म आरडीटी र पीसीआर विधिबाट ६ हजार ३ सय ७७ जनाको परीक्षण भएको छ । कोरोना शङ्कास्पद १ हजार २ सय ८८ जनाको स्वाब सङ्कलन गरिएको छ । वैशाख १८ गतेसम्म ३ सय आठ जना महिला र ९ सय ८० जना पुरूषको नमूना सङ्कलन गरिएको छ । नमूना सङ्कलन गरिएका मध्ये दुई जना महिला र २९ जना पुरूषको रिपोर्ट पोजेटिभ आएको छ । कोरोना परीक्षण गरिएका मध्ये ३ सय ६ जना महिला र ९ सय ४४ जना पुरूष गरी १ हजार २ सय ५० जनाको रिपोर्ट नेगेटिभ आएको छ । शङ्कास्पद व्यक्तिको नमूना सङ्कलन गरिएको मध्ये सात जनाको रिपोर्ट आउन बाँकी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । आरडीटी विधिबाट वैशाख १८ गतेसम्म ५ हजार ८९ जनाको एण्टीवडी परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये १३ जनाको रिपोर्ट पोजेटिभ आएको छ । ८ सय ३६ जना महिला र ४ हजार २ सय ४० जना पुरूष गरी ५ हजार ७६ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । वैशाख १८ गते ६१ जना क्षमता भएको क्वारेन्टाइन थप गरिएको छ । वैशाख १८ गते क्वारेन्टाइनमा बस्ने ३० जना डिस्चार्ज भएका छन् ।
प्रदेश १ का जिल्ला अस्पतालहरूका मेडिकल सुपरिटेन्डेण्टहरूले व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) अभाव भएको बताएका छन् । जिल्लामा कोरोना सङ्क्रमित बढेको खण्डमा पीपीईको अभाव हुने उनीहरूको भनाइ छ । १४ ओटै जिल्ला अस्पतालहरूका मेडिकल सुपरिटेन्डेण्टहरूले पीपीईको तत्काल व्यवस्था गर्न माग गरेका छन् । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेसँग वैशाख १८ गते भिडियो संवाद गर्दै मेडिकल सुपरिटेन्डेण्टहरूले सो माग गरेका हुन् । मन्त्री घिमिरेले प्रदेश सरकारले पठाएको पीपीइको सही सदुपयोग नभएको बताउनुभयो । स्वास्थ्यकर्मी भन्दा पनि जनप्रतिधिहरूले पीपीइ लगाएर हिड्दा समस्या भएको बताउनुभयो । प्रदेश १ सरकार मातहतका मन्त्रालयले लकडाउनले गर्दा चालु आर्थिक वर्ष खर्च गर्न नसक्ने बजेट धमाधम फिर्ता पठाउन थालेका छन् ।
आर्थिक मामिला तथा योजना मन्त्रालयले खर्च हुन नसक्ने र अनुत्पादक क्षेत्रको बजेट कटौती गरेर विवरण बुझाउन निर्देशन गरेपछि मन्त्रायहरूले बजेट फिर्ता पठाउन थालेका हुन् । हालसम्म २ अर्ब ७ करोड रकम फिर्ता आइसकेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।
नेपाली काँग्रेस १ नं. प्रदेशसभा संसदीय दलले कोरोना पत्ता लगाउन गरिने र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडीटी) रोक्न माग गरेको छ । वैशाख १८ बसेको काँग्रेस संसदीय दलको बैठकले आरडीटीको नतिजा विश्वसनीय नदेखिएको र त्यसले गर्दा झनै सङ्क्रमण फैलने जोखिम देखिएकोले आरडीटी रोक्न माग गरेको हो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका अनुसार** जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या २ सय १५ जना पुगेको छ । १ सय ९१ जना पुरूष र २४ जना महिला क्वारेन्टाइनमा बसेका छन् । मोरङका दश स्थानमा २ सय ७५ वेडको क्वारेन्टाइन निर्माण गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानवहादुर राईले बताउनुभयो । उहाँका अनुसार वैशाख १८ गते नौ ओटा वेड थपिएको छ । क्वारेन्टाइनमा रहेका २४ जना डिस्चार्ज भएका छन् । मोरङका १७ ओटा स्थानीय तहहरूले वैशाख १८ गतेसम्म ८६ हजार ८ सय ९१ घर परिवारलाई राहत वितरण गरेको प्रहरीले जनाएको छ । वैशाख १८ गतेसम्म उद्दार भई मोरङ आएका व्यक्तिको सङ्ख्या २ हजार ५० पुगेको छ । मोरङ बाहिर जानेको सङ्ख्या ५ सय ३ जना पुगेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उदयपुर घर भएकै कारण विराटनगरस्थित नोबेल मेडिकल कलेजले एक विरामीलाई शल्यक्रिया कक्षबाट बाहिर निकालेको छ । प्रसुति शल्यक्रियाको लागि भर्ना हुनु भएकी उदयपुर त्रियुगा नगरपालिका-११ की ४२ वर्षीया सरस्वती रौनियारलाई अप्रेशन थिएटरबाट निकालेर नोबेलले कोशी अस्पताल रेफर गरेको छ । व्यथा लागेपछि वैशाख १६ गते नोबेलमा भर्ना हुनु भएकी उहाँको वैशाख १७ गते शल्यक्रिया गर्ने समयमा उदयपुर घर भएको बुझेपछि चिकित्सकले शल्यक्रिया कक्षबाटै बाहिर निकालेर रेफर गरेको उहाँका पति प्रकाश गुप्ताले बताउनुभयो । नोबेलबाट रेफर हुनु भएकी सरस्वतीको कोशी अस्पतालमा सफल शल्यक्रिया भएको छ ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार नेचासल्यान गाउँपालिकाले वैशाख १८ गते काठमाण्डौंमा रहेका १९ घर परिवारलाई राहत प्रदान गरेको छ । सोलुदूधकुण्ड नगरपालिकाले स्वास्थ्यकर्मी, कर्मचारी तथा नगर प्रहरीको कोरोना बीमा गरेको छ । कोरोना भाइरस जोखिमलाई मध्यनजर गरेर वैशाख १८ गते ८२ जना कर्मचारीको एक वर्ष कोरोना बीमा गराएको नगरपालिकाका स्वास्थ्य संयोजक चमर मगरले जानकारी दिनुभयो । महाकुलुङ गाउँपालिकाले उद्धार गरी ल्याएका नागरिकहरूको अनुगमन सुरू गरेको छ । थुलुङदूधकोशी गाउँपालिका - ५ मा उद्धार गरी ल्याईका नागरिकको अवस्थाबारे जानकारी लिइएको छ । गाउँपालिकाले उद्धार गरी ल्याएका ६५ जनाको अवस्था सामान्य रहेको छ । नेचासल्यान गाउँपालिकाले खाद्यान्न मौज्दात सम्बन्धी अनुगमनको सुरूआत गरेको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार हेल्पिङ्ग हेण्डस् सामूदायिक अस्पतालका सञ्चालक डाक्टर गुप्तबहादुर श्रेष्ठ र यूडब्लु एस डाइरेक्टर सूर्य कार्कीले स्वास्थ्य सामग्री सहयोग गर्नु भएको छ । वैशाख १८ गते जिल्ला समन्वय समितिका प्रमुख तथा अस्पताल विकास समितिका अध्यक्ष सुमन शाक्य मार्फत चार लाख ३४ हजार रुपियाँ बराबरको स्वास्थ्य सामग्री अस्पताल विकास समितिका अध्यक्ष शाक्यमार्फत हस्तान्त्रण गरेको डाक्टर श्रेष्ठले जानकारी दिनुभयो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख १८ गते सात जनाको आरडीटी प्रविधिबाट परीक्षण गर्दा सबैको नेगेटिभ देखिएको छ । पीसीआर प्रविधिबाट परीक्षण गर्न दुई जनाको नमूना स्वाब सङ्कलन गरिएको छ । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले दीर्घरोगीहरूले प्रयोग गर्ने औषधि उपलब्ध गराउन जिल्ला स्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा उपसमिति गठन गरेको छ । स्वास्थ्य मन्त्रालयले पारित गरेको मापदण्डका आधारमा विकास निर्माण कार्य सुचारू गर्न परिपत्र गर्ने समेत केन्द्रले निर्णय गरेको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार इनरूवा नगरपालिका भित्रका दश ओटै वडाका सबै घर परिवारको विवरण सङ्कलन गरिने भएको छ । ९८ जना स्वयम्सेविका लगत सङ्कलनको कार्यमा खटिने छन् । धरान उपमहानगरपालिका-९ गौतमपथको सब्जी मण्डीमा खुद्रा व्यवसाय गर्दै आउनु भएका हरेराम चौधरीले प्रतिगोटा ५ रुपियाँ खरिद गरेर थोक मूल्य दश रुपियाँमा बिक्री गरेको पाइएको छ । रामधुनी नगरपालिकाको क्वारेन्टाइमा बसेका ३५ जना सबैको आरडीटी रिपोर्ट नेगेटिभ आएको छ । रिपोर्ट नेगेटिभ आएपछि वैशाख १८ गते घर सबैलाई घर पठाइएको छ । रामधुनी नगरपालिकाका समाजसेवी श्यामकुमारी शाहले पाँच सय किलो चामल सहयोग गर्नुभएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार वैशाख १८ गते इलाम बजारका पसलहरू अनुगमन गर्दा व्यवसायीले लकडाउनको मौका छोपेर तरकारीको मूल्य तेब्बरसम्म बढाएको पाइएको छ । इलाममा तराई र भारतबाट तरकारी ल्याउन रोक लगाइएपनि चोरबाटो हुँदै तराईका बजारबाट रातारात तरकारी ल्याएर व्यापारीले साविकभन्दा तेब्बर मूल्यमा बिक्री गरिरहेको अनुगमन टोलीले पाएको हो ।
इलाम सदरमुकामका पसलमा अहिले कुनैपनि सामग्रीको मूल्यसूची नराखिएका कारण चामल, तेल, दाल, चिनीलगायत अत्यावश्यक खाद्यवस्तुको मूल्यसमेत बढेको उपभोक्ताले बताएका छन् । अनुगमन टोली पुगेपछि व्यापारीले उपभोग्य वस्तुको मूल्य नबढेको दाबी गरेपनि प्रशासनको आँखा छलेर व्यवसायीले आफूहरूलाई बढी मूल्य लिने गरेको स्थानीय शैलेश श्रेष्ठले बताउनुभयो । सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा वडा १० का समाजसेवी दीपक कुलुङले ३० हजार रुपियाँ र झापाको बुद्धशान्ति गाउँपालिकाका व्यवसायी प्रदीपकुमार पोद्दारले २१ हजार रुपियाँ सहयोग गर्नुभएको छ ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार प्रदेश सरकारसँग माग भएको एक हजार थान आरडीटी किटमध्ये ४ सय थान प्राप्त गरेको छ । जिल्ला स्वास्थ्य कार्यालयका निमित्त स्वास्थ्य प्रमुख राजकुमार पोखरेलका अनुसार प्रदेश सरकारले उपलब्ध गराएको ३ सय ६० थान किट वैशाख १९ गते उपलब्ध हुनेछ । ताप्लेजुङका लघुवित्त संस्थाले फुङलिङ नगरपालिकालाई पाँच क्विन्टल चामल उपलब्ध गराएको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार अर्जुनधारा नगरपालिका-१० का विपन्न परिवारलाई अर्जुनधारा जेसीज शनिश्चरे र बिर्तामोडका दुई जना युवा व्यवसायीले खाद्यान्न सामग्री सहयोग गर्नु भएको छ । अर्जुनधारा जेसीज शनिश्चरेले दुई क्वीन्टल चामलसँगै ३० केजी दाल र बिर्तामोड-५का युवा व्यवसायीद्वय कृष्णकुमार गिरी र राम सिटौलाले १२ क्वीन्टल चामल समितिलाई प्रदान गर्नु भएको छ ।
बुधबारे जेसीजले लकडाउनको समयमा रगतको अभाव हुन नदिन वैशाख १७ गते रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । जिल्लास्तरीय आपूर्ति व्यवस्था, अनुगमन सहजीकरण तथा नियन्त्रण समितिले भद्रपुर नगरपालिका-१० मा रहेको गोर्खा सपिङ कम्प्लेसलाई वैशाख १८ गते २५ हजार रुपियाँ जरिबाना गराएको छ । चन्द्रगढीस्थित लेखनाथ चोकमा रहेको कम्प्लेसले विल विजक जारी नगरेको, कर पाटी नराखेको, कारोवार स्थलमा खाता नराखेको आरोपमा सो जरिवाना गरिएको हो ।

**इन्सेक ओखलढुङ्गा जिल्ला प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार वैशाख १८ गतेसम्म २ सय २९ जनाको तीव्र परीक्षण गरिएको छ । ११ जनाको पीसीआर विधिबाट परीक्षण गरिएको छ । सबै रिपोर्ट नेगेटिभ आएका छन् । आइसोलेसनमा राखिएका तीन जनाको पीसीआर रिर्पोट नेगेटिभ आएपछि आइसोलेशनबाट घर पठाइएको छ । लकडाउनको अवधिमा भारतबाट आएका व्यक्तिको अचानक मृत्यु भएपछि स्वाब सङ्कलन गरेर काठमाण्डौ पठाइएको छ । प्रदेश १ का अर्थ समितिका सभापति मोहनकुमार खड्काले चम्पादेवीका क्वारेन्टाइन अनुगमन गर्नुभएको छ । जिल्ला सङ्कट व्यवस्था केन्द्र र कमाण्ड पोष्टको बैठकले बुद्ध जयन्तीमा कुलपूजा, देवाली गर्ने गोठधूप आदिमा भेला हुन रोक लगाउने निर्णय गरेको छ । खिजीदेम्वा गाउँपालिकाले जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणसँगै सामाजिक सुरक्षा भत्ता वितरण शुरू गरेको छ । जिल्लाका सबै स्थानीय तहले काठमाण्डौमा रहेका नागरिकलाई गाउँ

फर्कन सहजीकरण गरेका छन् । सबै तहबाट ७ हजार ५ सय हाराहारीमा गाउँ फर्किएका छन् । मोलुङ्ग र मानेभञ्ज्याङ्ग गाँउपालिकाले स्वास्थ्य परीक्षण गरेको छ भने अन्यले त्यसै घर पठाएका छन् । सुनकोसी गाउँपालिका -४ मा खाद्यान्न समस्या हुन थालेपछि प्रभावितहरूले खाद्यान्न माग गरेका छन् ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार हतुवागढी गाँउपालिका - ६ का २६ वर्षीय युवकमा कोरोना सङ्क्रमण पुष्टि भएपछि युवकसँग नजिक भएका थप ३२ जनाको स्वाब परीक्षण गरिएको छ । ३२ जनाकै रिर्पोट नेगेटिभ आएको स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख फणिन्द्र थापाले बताउनुभयो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**